# ग्रामिण पोषण सुरक्षण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

*मन्त्रीस्तरबाट स्वीकृत मिति २०७८।०७।०८*

**प्रस्तावनाः** ग्रामिण क्षेत्रमा पोषण सुरक्षाका दृष्टिकोणले संवेनशील समूहको पोषकतत्वको उपभोग बढाउने तथा स्थानीय खाद्यवस्तु उत्पादनमा विविधिकरण गरी खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने अभिप्रायले ग्रामिण पोषण सुरक्षण कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) यस कार्यक्रम सम्बन्धित जिल्लामा खाद्य तथा पोषण सुरक्षाका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेका क्षेत्र छनौट गरी सञ्चालन गर्नुपर्नेछ।

(ख) बुँदा (क) बमोजिमको क्षेत्र छनौट गर्न र सो भित्र कार्यक्रम सञ्चालन हुने क्लष्टर निर्धारण गर्न जिल्लास्तरमा देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, कृषि ज्ञान केन्द्र | अध्यक्ष |
| प्रमुख, जिल्लाको जनस्वास्थ्य क्षेत्र हेर्ने कार्यालय | सदस्य |
| जिल्ला समन्वय अधिकारी वा प्रतिनिधि | सदस्य |
| प्रमुख, भटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | सदस्य |
| खाद्य तथा पोषण क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरु मध्ये कम्तीमा १ महिला सहित बढीमा २ जना | सदस्य |
| पोषण सुरक्षण सम्बन्धी कार्यक्रम हेर्ने कृषि ज्ञान केन्द्रको फोकल अधिकृत | सदस्य-सचिव |

(ग) बुँदा (ख) बमोजिमको समितिले देहायको विषयहरुको आधारमा खाद्य तथा पोषण सुरक्षाका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेका क्षेत्रलाई प्राथमिकीकरण गरी कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा क्लष्टर छनौट गर्नुपर्नेछ।

(अ) खाद्य तथा पोषण सुरक्षाको अवस्था

(आ) समुदायको सामाजिक-आर्थिक अवस्था

(इ) भौगोलिक बिकटता

(ई) प्राकृतिक प्रकोपको असर

(उ) समितिले तोकेका अन्य मनासिव आधारहरु

(घ) बुँदा (ग) बमोजिम छनौट भएका क्लष्टरमा सम्बन्धित कार्यालयले लक्षित समूह छलफल (FGD), Transect walk, Social Mapping, Resource mapping, मूख्य सरोकारवाला अन्तरवार्ता (KII) लगायतका सहभागितात्मक ग्रामीण लेखाजोखा प्रणाली (PRA tools) को प्रयोग गरी पोषण सुरक्षाका दृष्टिकोणले तुलनात्मक रुपमा बढी संवेदनशील हुने दुई वर्ष सम्मका बालबालिका र गर्भवति एवं सुत्केरी

महिलाहरु रहेका परिवार समेतलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने घरधुरीहरु छनौट गर्नुपर्नेछ।

(ङ) क्लष्टरमा छनौट भएका प्रत्येक घरधुरीले परिवारको खाद्य तथा पोषण सुरक्षाको लागि तरकारी, मसला, च्याउ, फलफूल, पोषिलो मकै, सखरखण्ड लगायतका पोषणयुक्त बालीहरु लगाउने, कुखुरा पालन गर्ने, मौरीपालन गर्ने जस्ता पोषण अभिवृद्धि हुने कार्यहरु सञ्चालन गर्नुपर्नेछ।

(च) यस कार्यक्रम सञ्चालन हुने क्लष्टरमा सम्बन्धित कार्यालयले पोषण सुरक्षा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(छ) पहिले देखि आधुनिक घारमा मौरी पालन गर्दै आएका, प्लाष्टिक घर निर्माण गरी तरकारी लगाईरहेका र व्यवसायिक रुपमा फलफूल खेती वा पशुपन्छी पालन गर्दै आएका घरधुरीहरु क्लष्टरमा समावेश हुन पाउने छैनन्।

**२. आर्थिक पक्ष**

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही सम्बन्धित कार्यालयले बीउ/बेर्ना (तरकारी, मसला, च्याउ, फलफूल, पोषिलो मकै, सखरखण्ड लगायतका पोषणयुक्त बालीहरुको), कुखुरा चल्ला, गोला सहितको मौरी घार, करेसाबारीको लागि सिँचाई सामग्री (ट्याङ्की, पाईप, प्लाष्टिक पोखरीको लागि प्लाष्टिक) आदि बढीमा ९० प्रतिशत अनुदानमा वितरण गर्न वा उल्लिखित कार्य सम्पन्न भएपछि क्लष्टरको कृषक समूह वा कृषि सहकारी संस्थालाई बढीमा ९० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(ख) यस कार्यक्रममा प्रति घरधुरीलाई प्रदान गरिने अनुदानको अधिकतम सीमा बीस हजार रुपैंयासम्म हुनेछ।